# विद्युत उत्पादन कम्पनी लिमिटेड

बुद्धनगर, काठमाडौं ।

## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मिति २०८०/०२/११**

विद्युत उत्पादन कम्पनी लिमिटेडमा रिक्त प्रमुख कार्यकारी अधिकृत पद खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायका शैक्षिक योग्यता, उमेर, अनुभव हासिल गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कम्पनीको कार्यालय का.म.न.पा.-१०, बुद्धनगर (बुटवल पावर कम्पनीको भवन), काठमाडौंमा तपशिल बमोजिमका विवरण सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण कम्पनीको website: www.vucl.org मा हेर्न सकिनेछ ।

(१) **आवश्यक न्युनतम योग्यताः**

(क) उमेर ४० वर्ष पूरा गरी ६१ वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको र इन्जिनियरिङ्ग विषयमा स्नातक पछि जलविद्युत क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव सहित पूर्वाधार क्षेत्रको कम्तीमा १२ वर्षको कार्य अनुभव वा मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको र इन्जिनियरिङ्ग विषयमा स्नातक पछि जलविद्युत क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव र अन्य पूर्वाधार क्षेत्रको कम्तीमा २ वर्षको कार्य अनुभव सहित मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा सम्बन्धित क्षेत्रमा पूर्णकालीन अध्यापन वा अध्ययन अनुसन्धानको अनुभव गरी कम्तीमा १२ वर्षको अनुभव भएको ।

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) प्रचलित कानूनबमोजिम कालो सूची वा दामासाहीमा नपरेको ।

(ङ) व्यक्तिगत वेरुजु वा सरकारी रकम बक्यौता नरहेको र कर चुक्ता प्रमाणपत्र पाएको ।

(च) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयर धनी (एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको) वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा १ वर्षको अवधि व्यतित भई सकेको भनी उम्मेदवारले स्वःघोषणा गर्नु पर्नेछ । स्वःघोषणाको नमूना विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावलीको अनुसूची-१ मा रहेको छ । उक्त अनुसूची कम्पनीको वेभ साइडमा हेर्न सकिनेछ ।

**(२) दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरण**ः

(क) विद्युत उत्पादन कम्पनी लिमिटेड नियमावली, २०७३ (संशोधन सहित) को नियम ३६(५) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत बैयक्तिक विवरण ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, व्यवसायिक कार्य अनुभवको उम्मेदवार स्वयंबाट प्रमाणित प्रतिलिपि ।

(ग) सरकारी कोषबाट पारिश्रमिक पाउने पदमा कार्यरत उम्मेदवारको हकमा सम्बन्धित संस्थाको सहमतिपत्र ।

(घ) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्टमा बाह्र साईजमा पाँच हजार शब्दमा नबढ्ने गरी कम्पनीको व्यवसायिक रणनीति सहितको कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा तयार गरी सोको प्रति सिलवन्दी गरी सहिछाप गरी खामको बाहिर पट्टी मात्र नाम थर, ठेगाना लेखि पेश गर्नु पर्नेछ । कार्यपत्रमा आफूलाई चिनाउने नाम, संकेत आदि उल्लेख गर्न पाईने छैन ।

(३) **व्यवसायिक रणनीति तथा कार्ययोजनाः** प्रमुख कार्यकारी अधिकृतको दरखास्त दिँदा व्यवसायिक रणनीति तथा कार्ययोजना पेश गर्दा देहायका बुँदाहरु समावेश गर्नु पर्नेछः

(क) **जलविद्युत विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य**ः विद्युतको उत्पादन, लगानी तथा विकासको अन्तर्राष्ट्रिय परिदृश्य, ऊर्जाको माग तथा आपूर्तिको प्रवृति र अवस्था, नेपालमा जलविद्युत तथा अन्य श्रोतबाट उत्पादन हुने विद्युत उत्पादनको विद्यमान अभ्यास, नेपालमा जलविद्युत विकासको वर्तमान अवस्था, विद्युत आयोजनाहरुको आवश्यकता, सम्भाव्यता, चुनौती, जलविद्युत क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीका श्रोतहरु, विद्युत आयोजनाहरुमा लगानी तथा कार्यान्वयनका विभिन्न मोडेलहरु आदि ।

(ख) **संस्थागत सुशासन तथा आयोजना व्यवस्थापन कार्ययोजना**ः कम्पनीको परिचय र उद्देश्य, कम्पनीको आगामी रणनीतिक योजनाको अवधारणा, संस्थागत सुशासन, आयोजनाको करार व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्तीय व्यवस्थापनका नीतिगत एवंम् व्यावहारिक पक्षको विश्लेषण, विद्युतीय प्रणालीको प्रयोग, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम विश्लेषण तथा व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन, आयोजना व्यवस्थापन, सहायक कम्पनीहरुसँग समन्वय, सहकार्य र नियन्त्रणका विधि, अन्य सरकारी निकायहरु, संस्थान, निजीक्षेत्र र प्रभावित समुदायसँग समन्वय, सहजीकरण सम्बन्धी कार्यहरु, जलविद्युत आयोजना व्यवस्थापनका प्रमुख चुनौतीहरु आदि सहितको कार्ययोजना ।

(ग) **प्रक्षेपित वित्तीय विवरण**ः कम्पनीले अघि बढाएका आयोजनाहरुको वर्तमान अवस्था, कम्पनीको सबल तथा दुर्वल पक्ष एवंम् चुनौती, आयोजना विकासका लागि कम्पनीले अवलम्बन गर्ने प्रमुख रणनीतिहरु, आयोजना विकास तथा व्यवस्थापनको आगामी चार वर्षको मार्ग चित्र र कार्य योजना, चार वर्ष पछिको कम्पनीका आयोजनाहरुको वित्तीय, प्रशासनिक, प्राविधिक अवस्थाको चित्रण सहित प्रक्षेपित वित्तीय विवरण, कम्पनीको विकासको लागि अवलम्बन गर्नुपर्ने रणनीतिक उद्देश्य तथा लक्ष्य सहितको चार वर्षको कार्य योजना ।

(घ) **कार्ययोजना कार्यान्वयनः** कार्ययोजना कार्यान्वयनको संरचनागत व्यवस्था, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन कार्ययोजना, कम्पनीको वित्तीय योजना, सरोकारवालाहरुसँगको सहकार्यको योजना आदि ।

(४) **दरखास्त स्वीकृत नगरिने**ः सूचनाको बुँदा नं. २ बमोजिम पेश गर्नुपर्ने कागजातहरु मध्ये कुनै कागजात पेश नगरेमा वा रितपूर्वक नरहेको दरखास्त स्वीकृत गरिने छैन ।

(५) **छनौट प्रकृया**ः प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७९ को दफा ६ मा उल्लेखित अंकभारलाई आधार मानिनेछ । यसका लागि सोहि कार्यविधिको दफा ७ अनुसार प्रक्रिया अवलम्बन गरिनेछ । कार्यबिधि विद्युत उत्पादन कम्पनी लिमिटेडको web site मा हेर्न सकिने छ ।

(६) **पदावधि**ः प्रमुख कार्यकारी अधिकृतको पदावधि नियुक्ति मितिले चार वर्षको हुनेछ ।

(७) **कार्यक्षेत्रगत शर्तहरु**ः प्रमुख कार्यकारी अधिकृतको कार्यक्षेत्रगत शर्तहरु विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रबन्धपत्र, नियमावली, प्रचलित कानून तथा सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(८) **प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधाः** प्रमुख कार्यकारी अधिकृतले पाउने पारिश्रमिक भत्ता र अन्य सेवा सुविधा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) **कार्यसम्पादन करार गर्नुपर्ने**ः प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्नु पर्ने काम, त्यसको मूल्याङ्कन र कार्यसम्पादन नभएमा हुन सक्ने परिणाम तथा निजको सेवा, सुविधाका सम्बन्धमा सञ्चालक समितिसँग कार्यसम्पादन करार हुनेछ ।